# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख २७ गते २०३९ साल

श्री ५ को सरकार

### उद्योग मन्त्रालयको

### सूचना

ढलौट कार्यशाला विकास समिति (गठन) आदेश, २०३९

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "ढलौट कार्यशाला विकास समिति (गठन) आदेश, २०३९" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा "परियोजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत ढलौट कार्यशाला (फाउण्ड्री) विकास परियोजना सम्झनुपर्छ ।

३. समितिको गठनः (१) ढलौट कार्यशाला विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएकोछ ।

(२) उप-दफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्ः–

(क) महानिर्देशक, खानी तथा भूगर्भ विभाग– अध्यक्ष

(ख) प्रतिनिधि, उद्योग मन्त्रालय– सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) प्रतिनिधि, अर्थ मन्त्रालय– सदस्य
(वै. स. तथा का. महाशाखा)
(घ) प्रतिनिधि, उद्योग विभाग– सदस्य
(ङ) परियोजना प्रमुख– सदस्य-सचिव

(३) समितिको आमन्त्रणमा स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकार वा श्री ५ को सरकारको कुनै अधिकृतले समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन सक्ने छन् ।

तर त्यसरी आमन्त्रित गरिएका व्यक्तिहरूलाई मत दिने अधिकार हुनेछैन ।

(४) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिको सदस्यहरूमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार: परियोजना संचालन गर्नु समितिको मुख्य कर्तव्य हुनेछ र त्यसको सञ्चालनको लागि समितिले निम्नलिखित कामहरू गर्न सक्नेछ:–

(क) परियोजना सञ्चालनको सम्बन्धमा नीति निर्धारण गर्ने र कार्यान्वयनमा रेखदेख गर्ने,

(ख) परियोजना सम्बन्धी कार्यक्रम तथा त्यसबाट उपलब्ध हुने सेवाको सम्बन्धमा प्रचार प्रसार गर्ने,

(ग) फलाम एवं मिश्रित धातुबाट ढलान गरी मेशीनरी औजारहरूका पार्टपूर्जाहरू, इन्जिनीयरिङ कास्टिङ तथा अन्य ढलान सामानहरूको उत्पादन तथा तत्सम्बन्धी अनुसन्धान एवं धातुहरू परीक्षण गर्ने आधुनिक कार्यशाला स्थापना गर्ने,

(घ) तालीम तथा प्रदर्शनको माध्यमबाट धातुको ढलान कार्यको विकासको निमित्त आवश्यक दक्ष जनशक्ति तयार गर्ने,

(ङ) धातुको ढलाइ शिल्प सम्बन्धी प्रविधि आवश्यक पर्ने संस्थाहरूलाई विभिन्न प्राविधिक सेवा उपलब्ध गराउने र सो वापत लाग्ने दस्तुर निर्धारण गर्ने,

(च) परियोजनाको लागि आवश्यक पर्ने, कर्मचारीहरूको नियुक्ति गर्ने र तिनीहरूको पारिश्रमिक र अन्य सेवा शर्त तोक्ने,

(छ) परियोजनामा काम गर्ने कर्मचारीहरूलाई तालीम दिनको लागि आवश्यक व्यवस्था मिलाउने,

(ज) परियोजनाको लागि आवश्यक पर्ने सरसामान उपलब्ध गर्ने व्यवस्था गर्ने,

(झ) परियोजना पूर्ण उत्पादनशील भएपछि उपरोक्त उद्देश्यहरू कायमै राखी व्यापारिक स्तरमा सञ्चालन गर्ने,

(ञ) परियोजनाको कार्य प्रगतिको आवधिक प्रतिवेदन श्री ५ को सरकारसमक्ष पेश गर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ढ) परियोजना सञ्चालनको लागि आवश्यक अन्य कार्यहरू गर्ने,

५. <u>समितिको बैठक र निर्णयः</u> (१) समितिको बैठक अध्यक्षले तोकेबमोजिम बस्नेछ।

(२) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा समितिको बैठकको अध्यक्षता सदस्यहरूले आफूमध्येबाट छानेको व्यक्तिले गर्नेछ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ।

(५) समितिको निर्णय समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(६) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ।

६. <u>समितिको कोषः</u> (१) समितिको कोषमा देहायका रकमहरू रहनेछन् र समितिको सबै खर्च सो कोषबाट व्यहोरिनेछः—

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) यू. एन. डी. पी. वा अन्तर्राष्ट्रिय संघ, संस्था वा विदेशी सरकारबाट प्राप्त रकम र

(ग) अन्य कुनै स्रोतबाट प्राप्त रकम।

(२) समितिको कोषको संचालन समितिले बनाएको नियमबमोजिम हुनेछ।

७. <u>लेखा तथा लेखापरीक्षणः</u> (१) समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरीकाबमोजिम राखिनेछ।

(२) समितिको लेखापरीक्षण प्रचलित कानूनबमोजिम हुनेछ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै बखत पनि समितिको हिसाब किताब जाँच्न वा जचाउन सक्नेछ।

८. <u>ठेक्का पट्टाः</u> समितिको सचिवले वा समितिबाट अधिकार प्राप्त व्यक्तिले समितिको निर्देशानुसार समितिको तर्फबाट समितिको ठेक्का पट्टा सम्बन्धी सबै काम गर्नेछ र त्यसरी गरिएका ठेक्का पट्टा समितिले गरेको मानिनेछ।

९. <u>कर्मचारी सम्बन्धी विशेष व्यवस्थाः</u> (१) श्री ५ को सरकारको प्राविधिक र प्रशासकीय कर्मचारीलाई समितिबाट तलब खाने गरी श्री ५ को सरकारले परियोजनामा काम गर्न काजमा खटाउन सक्नेछ।

69

तर समितिका कर्मचारीहरूले श्री ५ को सरकारबाट काजखटी आउने प्राविधिक

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

वा प्रशासकीय कर्मचारीभन्दा बढी तलब, भत्ता वा कुनै सुविधा पाउने रहेछन् भने काजमा खटी आउने त्यस्ता कर्मचारीलाई समितिमा छउन्जेल समितिका कर्मचारीले पाए सरह तलब भत्ता वा सुविधा दिनमा यस दफाले बाधा पुऱ्याएको मानिने-छैन।

(२) श्री ५ को सरकारको सेवामा रही समितिमा काज खटी आउने प्राविधिक वा प्रशासकीय कर्मचारीको सरुवा, बढुवा, सेवाका शर्त र विभागीय कारवाही तथा सजायको सम्बन्धमा श्री ५ को सरकारको नियमानुसार हुनेछ।

१०. नियमहरू बनाउने: समितिले आफ्नो कार्य सञ्चालनको लागि नियमहरू बनाउन सक्नेछ र त्यसरी बनाएको नियमहरूमा श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ।

११. अधिकार प्रत्यायोजन: समितिले आवश्यकतानुसार आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य वा सदस्य-सचिव वा समितिको कर्मचारीहरूलाई प्रत्यायोजन गर्न सक्नेछ।

१२. श्री ५ को सरकारसंग सम्पर्क: समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा खानी तथा भूगर्भ विभागमार्फत राख्नु पर्नेछ।

१३. समितिको कार्यालय: समितिको प्रधान कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

आज्ञाले,
सूर्यप्रसाद श्रेष्ठ
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।